जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.दृ.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक १७ २०८१ साल मंसिर १६ गते आइतवार (1 Dec. 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – पृष्ठ २ मा : शैक्षिक अवस्था सुधारका लागि ... पृष्ठ ३ मा : मधेस प्रदेशमा डेंगु सङ्क्रमण ... पृष्ठ ४ मा : हिंसाको न्यूनीकरण र ... पृष्ठ ५ मा : चिसोको मौसममा आगो ...

## सप्तरीको दुई वडासहित मुलुकभर ४४ स्थानमा आज उपनिर्वाचन हुँदै



**राजविराज**/सप्तरीको दुई वडासहित मुलुकभर ४४ स्थानमा आज मंसिर १६ गते उपनिर्वाचन हन गइरहेको छ ।

उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन हुने वडामा बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदाता नामावलीमा आफ्नो नाम समावेश भएको मतदान केन्द्रमा उपस्थित भई आफुले रोजेको उम्मेदवारको निर्वाचन चिन्हमा निर्धक्क भई मतदान गर्न सम्पूर्ण मतदाताहरूमा निर्वाचन आयोगले अनुरोध समेत गरेको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. १ र ४ का वडा अध्यक्षको निधन भएपछि सो उपनिर्वाचन हुन गइरहेको हो ।

उपनिर्वाचनका लागि सम्पूर्ण तयारी पुरा भइसकेको र सुरक्षा व्यवस्था समेत कडा पारिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

दुई पदका लागि हुने उपनिर्वाचनमा १६ जना प्रतिष्पर्धामा छन् । दुबै वडामा विभिन्न दल र एक स्वतन्त्र उम्मेदवारी १६ जना चुनावी मैदानमा छन् ।

सो पालिकाको वडा नं. १ बाट नेपाली कांग्रेसले भुलियादेवी थरुनी र वडा नं. ४ बाट जोगिन्द्र रायलाई उम्मेदवार बनाएको छ। यस्तै नेकपा एमालेले वडा नं. १ मा भगवानी साह र वडा नं. ४ मा संजय कुमार यादवलाई उम्मेदवार बनाएको छ ।

यसैगरि जसपा नेपालबाट वडा १ मा धिरेन्द्र साह र वडा नं. ४ मा देवेन्द्र प्रसाद यादवको उम्मेदवारी परेको छ । जनमत पार्टीबाट वडा नं १ मा शैलेन्द्र कुमार साह र वडा नं. ४ मा उदयनारायण पण्डितले उम्मेदवारी दिएका छन् । यस्तै माओवादी केन्द्रबाट वडा नं. १ मा प्रमोद कुमार सन्त र वडा नं. ४ मा भागवत रामको उम्मेदवारी परेको छ ।

यस्तै वडा नं. १ मा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सतिश कुमार चौधरी र वडा नं. ४ बाट रामकुमार यादव, नागरिक उन्मुक्ति पार्टीबाट वडा नं. १ बाट अनरुद्ध प्रसाद चौधरी र वडा नं. ४ बाट शिवकुमार रामको उम्मेदवारी परेको छ ।

वडा नं. १ बाट स्वतन्त्र उम्मेदवार शुसिल साहको

***बाँकी अन्तिम पृष्ठमा***

## गृहमन्त्रीलाई भुमिगत समूहले दिए धम्की





**राजविराज**/मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीलाई भूमिगत समूहले धम्की दिएका छन् ।

मन्त्री लेखीलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाका संयोजक जयकृष्ण गोइतले भारतीय नम्बरबाट ह्वाटस ऐपमा फोन गरी धम्की दिएका हुन् ।

गृह, सञ्चार तथा कानून मन्त्रालय मधेश प्रदेशको सभाहलमा शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्त्री लेखीले भने, "गोइतले आर्थिक सहयोग माग गरेको र आफुले दिन अस्विकार गरेपछि धम्की दिएका हुन् ।"

"तपाईले पैसा कसरी दिने हो त्यो मलाइ थाहा छ" भनेर गोइतले धम्की दिएको मन्त्री लेखीले बताए । आफुलाई गोइतले पटक-पटक फोन गरेर आर्थिक सहयोग मागेको र आफु दिन अस्विकार गरेपछि तेस्रो पटक फोन गर्दा धम्की दिएको उनले पत्रकार सम्मेलनमा जानकारी समेत दिए ।

यस सम्बन्धमा प्रदेशको सुरक्षा वैठकमै प्रहरी अधिकारीहरुलाई जानकारी समेत गराइसकेको उनले जानकारी दिए ।

## मधेश प्रिमियर लिग सिजन ३ चैत ५ गतेदेखी हुने




**राजविराज**/झण्डै ८ वर्षपछी मधेश प्रिमियर लिग सिजन ३ क्रिकेट प्रतियोगिता हुने भएको छ ।

सो बारे जानकारी गराउने उद्देश्यले राजविराजमा शनिबार आयोजित पत्रकार सम्मेलनमा सिजन ३ को क्रिकेट प्रतियोगिता आगामी चैत ५ गतेबाट हुने जनाइएको छ ।

पत्रकार सम्मेलनमा लिगका अध्यक्ष ई संजिव नारायण यादवले शनिबारबाट खेलाडीको रजिष्ट्रेशन शुरु गरिएको जानकारी दिंदै सिजन ३ प्रतियोगितामा अक्सनबाट खेलाडी छनौट गरिने र प्रत्येक टिममा झापादेखि कंचनपुरसम्मका मधेश क्षेत्रबाट ७ जना खेलाडी तथा नेपाल भरिबाट ४ जना खेलाडी रहने जानकारी दिए ।

मधेश प्रिमियर लिगमा कूल १० वटा टिमको सहभागिता रहने बताउँदै अध्यक्ष यादवले प्रतियोगिताको ६० प्रतिशत खेल राजविराजस्थिति पविमावि खेल मैदान र राजरंगशाला मैदान हुने तथा बाँकी ४० प्रतिशत खेल विरगंज र जनकपुरमा खेलाईने बताए ।

प्रतियोगिताका लागि मधेश प्रदेश सरकारसंग समन्वय गरेर मधेश प्रिमियर लिगको नाउँमा राखिएको ५० लाख बजेट ल्याउने प्रयास गरिने अध्यक्ष यादवको भनाई छ । तर, मधेश ससकारले सो बजेट नदिएपनि सिजन ३ को आयोजना गरिने यादवले पत्रकार सम्मेलनमा जनाए ।

सन् २०१५ बाट शुरु भएको मधेश प्रिमियर लिग २०१६ मा सिजन २ भएको ८ बर्षपछि सिजन ३ हुन लागेको छ ।यस सिजन ३ खेलमा ढिलाई भएको लिगका सचिव तिर्थनाराण दासले बताए । उनले सबैको सहयोगबाट सिजन ३ सफलता पुर्वक सम्पन्न हुने विश्वास व्यक्त गरे ।

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

**वायु प्रदुषणबाट जोगिऔं**

वायु प्रदुषणले:
- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छ,
- मुटु, रक्तसञ्चार प्रणाली, मष्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ ।

त्यसैले:
- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

वायु प्रदुषणको असरबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### मातृभाषामा पठनपाठन आवश्यक

नेपालमा एक भाषा नीति अनुरुप अन्य मातृभाषाहरुले अगाडि बढ्ने मौका दिइएको देखिन्न् । आफ्नै मातृभाषा सबैलाई प्यारो हुन्छ । हरेक वर्ष २१ फरवरीका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइए पनि औपचारिकताका बाहेक केही हुन सकेको देखिदैन । कम्तिमा मातृभाषामै पठनपाठन गराइए विद्यार्थीले थोरै भएपनि आफ्नो मातृभाषाप्रति ज्ञान पाउनेछन् । तर, त्यो गरि एको देखिदैन् । कतिपय मातृभाषाका पाठ्य सामाग्रीहरु तयार भइसके पनि त्यसको व्यवहारमा प्रयोग हुन सकेको छैन ।

कुनै पनि दिवस मात्र एक दिनका लागि मनाउँदैमा कुनै पनि मातृभाषाले यथोचित न्याय पाउने छैन । हरेक मातृभाषीले जबसम्म आफ्नो मातृभाषाको यथोचित सम्मान र संवैधानिक रुपमा मान्यता पाउँदैन, तबसम्म नेपालमा बोलिने विभिन्न मातृभाषा फस्टाउन सक्ने अवस्था हुँदैन । हरेक मातृभाषीको आफ्नै मातृभाषामा कम्तीमा प्राथमिक तहको पठनपाठन गर्न पाउनु उसको नैसर्गिक अधिकार हो । तर, हालसम्म मैथिली, भोजपुरी, अवधि, थारु जस्ता मातृभाषाहरुको अवस्था दनयीन छ ।

तीनै तहका सरकार यसप्रति संवेदनशील बन्नु जरुरी छ । राज्यले हरेक मातृभाषाको संरक्षण र सम्वर्द्धनमा यथोचित ध्यान पुऱ्याउन नसक्दा यस्तो अवस्था आएको हो । तसर्थ मातृभाषाहरुमा पठनपाठनलाई तीब्रता दिंदै ती मातृभाषाहरुको संरक्षण, सम्वर्द्धन र विस्तार आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# शैक्षिक अवस्था सुधारका लागि विष्णुपुरले देखायो अग्रसरता



**राजविराज**/सप्तरीको शैक्षिक अवस्था सुधारका लागि विष्णुपुर गाउँपालिकाले आफ्नो पालिकाबाटै अभियान सुरु गरेको छ ।

गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले निरन्तर विद्यालयहरुको अनुगमन तथा भौतिक पूर्वाधार निर्माणमा जोड दिएका छन् । जसकारण सो पालिकाको सरकारी विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारोन्नमुख देखिएको छ ।

अनुगमनकै क्रममा अध्यक्ष यादवले गाउँपालिकास्थित मावि खुरुहुरिया र मावि कनकट्टाको अनुगमन गर्दा पहिलाको भन्दा अहिले शिक्षामा केही सुधार आएको बताए ।

पहिलाको भन्दा अहिले विद्यार्थीको सिकाई उपलब्धीमा प्रगती देखिएको र शिक्षकहरु पनि समयमा विद्यालय आएर पठनपाठनमा लगनशीलता देखाएको उनले प्रतिक्रिया दिए । 'मावि कनकट्टामा कम्प्युटर थन्केको अवस्थामा थियो, कक्षाकोठा व्यवस्थित गरेर कम्प्युटर विषयको शिक्षक भर्ना गरि अहिले विद्यार्थीहरु कम्प्युटर चलाउन थालेका छन्' उनले भने ।

विद्यालयहरुमा शैक्षिक सुधार ल्याउन गाउँपालिकाले यसअघि नै कक्षामा मोबाईल निषेध सहितको ८ बुँदे निर्णय गर्दै अनुगमन कार्यलाई निरन्तरता दिएपछि पठनपाठनमा केही सुधार भएको अध्यक्ष यादवले जानकारी दिए ।

गाउँपालिका भित्र ५ मावि र १३ आधारभुत गरि १८ विद्यालय रहेका छन् । सबै विद्यालयमा अनुगमन टोली पुग्दा शिक्षक र विद्यार्थीको उपस्थिती उत्साहजनक देखिन थालेको उनको भनाई छ ।

'आइतबार जनता मावि खुरहुरिया र कनकट्टा माबिको अनुगमन गरेका हुँ, दुबै विद्यालयमा शिक्षक र विद्यार्थीको उपस्थिति तथा पठनपाठन सन्तोषजनक पाईएको छ' गाउँपालिका अध्यक्ष यादवले भने ।

गाउँपालिकाबाट निरन्तर अनुगमन टोली विद्यालय पुग्न थालेपछि शिक्षक र विद्यार्थीको नियमित उपस्थिति तथा शैक्षिक अवस्थामा सुधार आएको स्थानीय अभिभावक रुपेश प्रसाद यादवले बताए ।

गाउँपालिका अध्यक्ष यादवले मातहतका सामुदायिक विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तरिय र विश्वशनीय बनाउन ८ बुँदे निर्णय गरिएको र सो निर्णय कडाईका साथ लागु गरिएको बताए । पालिकाले जारी गरेको ८ बुन्दै निर्णयमा कक्षा कोठाभित्र मोवाइल निषेध, नियमित आउने शिक्षक र विद्यार्थीलाई प्रोत्साहन, पूर्व जानकारी बिना अनुपस्थित रहने शिक्षकको तलब भत्ता कटौती र शिक्षकलाई आफूले पढाउने विषयको अनिवार्य रुपमा पाँच योजना बनाएर आउनु पर्ने लगायतका रहेको छ ।

पालिका निर्णय पालना भए नभएको बुझ्न टोलीद्वारा छड्के अनुगमन हुन थालेपछि विद्यालयमा विद्यार्थी र शिक्षकको उपस्थिति बढ्नुका साथै पठन पाठनमा सुधार हुन थालेको अनुगमन टोलीमा सहभागि प्रमुख प्रशासकीय अधिकृत सन्त कुमार मण्डलले जानकारी दिए ।

# लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान सुरु

**राजविराज**/"हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि एक्यबद्धता" नाराका साथ लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान सोमबारदेखी सुरु भएको छ । लैङ्गिक हिंसाका गतिबिधि नियन्त्रण गर्ने अभियान स्वरुप सुरु भएको अभियान मंसिर २५ गतेसम्म चल्ने छ ।

अभियान अन्तरगत जिल्लाको विभिन्न स्थानमा लैङ्गिक हिंसा अन्त्यका लागि जनचेतनामूलक अभियान तथा ऱ्याली निकालिएको छ ।

पहिलो दिन राजबिराजमा राजबिराज नगरपालिका, जिल्ला प्रहरी कार्यालय, सबल नेपाल, सेभ द सप्तरी, सेभ द चिल्ड्रेन, सशस्त्र प्रहरी बल नेपाल नं ६ गण हेडक्वाटर सप्तरी, युनाइटेड डेभलपमेन्ट नेपाल, सामुदायिक सेवा मञ्च, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र लगायतका संघ संस्थाको अगुवाईमा प्रभातफेरी र सचेतनामूलक ऱ्यालीको आयोजना गरिएको छ ।

जिल्ला समन्वय समितिको प्राङ्गणबाट निस्केको प्रभातफेरी र ऱ्याली नगरको बिभिन्न भागको परिक्रमा पश्चात् पुनः सोही स्थानमा पुगी सभामा परिणत भएको थियो ।


सभालाई जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साह, राजबिराज नगरपालिकाका कार्यबाहक नगर प्रमुख इसरत परविन, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडालगायतले सम्बोधन गर्दै यो अभियान सबैको साझा अभियान भएकाले सबै मिलेर सफल बनाउनु पर्नेमा जोड दिएका थिए ।

अभियान अन्तरगत लैङ्गिक हिंसा न्यूनिकरणका लागि आम नागरिकमा सचेतना अभिबृद्धि गर्न विभिन्न संघ संस्थासँग सहकार्य गरी सचेतनामूलक कार्यक्रमहरु गरिने जनाइएको छ । लैङ्गिक हिंसा सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रमका साथै न्युनिकरण गर्ने उद्देश्यले प्रत्येक वर्ष महिला हिंसा बिरुद्धको १६ दिने अभियान मुलुकभर नै संचालन हुने गरेको छ ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

# मधेस प्रदेशमा डेंगु सङ्क्रमण न्यून, के भन्छन् विज्ञ ?



सरिता थारू

मधेस प्रदेशमा अन्य प्रदेशको तुलनामा डेंगु प्रभावित हुनेको संख्या न्यून देखिएको छ । कर्णाली प्रदेशबाहेक अन्य पाँच वटा प्रदेशमा १३ सयभन्दा बढी मानिस डेंगुबाट प्रभावित भएका छन् भने मधेसमा ५७० जनामात्रै डेंगु सङ्क्रमित छन् ।

कर्णालीका ३४७ जना डेंगुबाट प्रभावित भएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)को तथ्याङ्क छ । कर्णाली प्रदेशमा चिसो हुने क्षेत्र भएकाले यहाँ ३४७ जनामात्रै डेंगु प्रभावित भएका हुन् । तर तुलनात्मक रूपमा बढी गर्मी हुने मधेस प्रदेशमा समेत डेंगु सङ्क्रमितको संख्या कम देखिनु जनचासोको विषय बनेको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का प्रमुख डा. यदुचन्द्र घिमिरेले मधेस प्रदेशमा डेंगु सङ्क्रमण कम हुनुमा विभिन्न पक्ष हुन सक्ने अनुमान गरे । 'दुई-तीन वटा कुरालाई सँगै राखेर हेर्नुपर्छ । यसमा हामीले कति संख्यामा परीक्षण गर्‍यौं भन्ने कुरा पनि आउँछ,' उनले रातोपाटीसँग भने, 'हामीले परीक्षण नै कम गर्‍यौं भने संख्या कम भइहाल्छ । वीरगंजमा विगतका वर्षहरूमा डेंगु प्रभावित भएको थियो । एक पटक डेंगु भइसकेको क्षेत्रका व्यक्तिलाई पुनः डेंगु सङ्क्रमण हुने सम्भावना कम हुन्छ ।'

घिमिरेले डेंगु सङ्क्रमण कम हुनुमा तापक्रमको पनि भूमिका रहने बताए । वातावरणको तापक्रम बढी भएमा डेंगु सार्ने लामखुट्टेको वृद्धिविकास हुन नसक्ने उनको भनाइ छ । उनले भने, 'स्थानीय तहले डेंगुबारे सचेतनाको कार्य राम्रो गरेकाले पनि सङ्क्रमण कम देखिएको हुन सक्छ । तर यही कारणले घटेको हो भन्नलाई अनुसन्धान नै गर्नुपर्छ ।'

गर्मी हुने क्षेत्रमा डेंगु सङ्क्रमित संख्या कम हुनु अध्ययनको विषय रहेको शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसे बताउँछन् । 'रिपोर्ट नभएको हो कि, कम भएको हो भन्नेबारे अध्ययन कै विषय छ,' उनले भने, 'कहिलेकाहीँ नयाँ ठाउँमा एक वर्ष सङ्क्रमण देखियो भने अर्को वर्ष नदेखिन पनि सक्छ । कम देखिने पनि हुन्छ । यही कारण हो भन्नका लागि हामीले अध्ययन नै गर्नुपर्छ ।'

डा. चालिसेले धेरै गर्मीमा डेंगु सार्ने लामखुट्टे बाँच्न नसक्ने भनेर तर्क गर्ने हो भने भारतको दिल्लीजस्तो अति गर्मी हुने ठाउँमा पनि डेंगु सङ्क्रमण हुने गरेको जिकिर गरे ।

स्वास्थ्य निर्देशनालय धनुषाका निर्देशक डा.राजीव कुमार झा भने अन्य क्षेत्रमा डेंगु फैलिए लगत्तै आफूहरूले डेंगु सचेतना कार्य गरेका कारण सङ्क्रमण न्यूनीकरण भएको दाबी गर्छन् । 'अन्य प्रदेशमा डेंगु फैलियो र हामीले पालिकास्तरमा डेंगु गराउने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सञ्चालन गर्‍यौं,' निर्देशक झाले रातोपाटीसँग भने, 'प्रदेशको समन्वयमा अस्पताल आएका बिरामीको रगत परीक्षण गर्दा १ लाखभन्दा कम प्लेटलेट भएका बिरामीलाई मात्रै हामीले डेंगु परीक्षण गर्ने भनेका थियौं ।'

प्रदेशमा डेंगु फैलाउने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियानमा तीन लाख रुपैयाँ खर्च भएको डा. झाले बताए ।

**कुन प्रदेशमा कति सङ्क्रमित ?**

ईडीसीडीको पछिल्लो तथ्याङ्क अनुसार देशभर ३२ हजार ७ सय जना डेंगु सङ्क्रमण देखिएको छ । यसमध्ये मधेस प्रदेशका ५७० जना सङ्क्रमित भएका छन् ।

यस्तै, कोशीका १ हजार ९५९ जनालाई डेंगु सङ्क्रमण भएको छ । बागमती प्रदेशका ११ हजार ४२४ जनालाई, गण्डकीका १५ हजार ३३४ जनालाई डेंगु सङ्क्रमण भएको छ । लुम्बिनीका १ हजार ६९७ जनामा डेंगु पुष्टि भएको सरकारी तथ्याङ्क छ । कर्णालीका ३४७ जना र सुदूरपश्चिमका १ हजार ३६९ जनामा डेंगु सङ्क्रमण भएको ईडीसीडीले जनाएको छ ।

डेंगुबाट हालसम्म १३ जनाको मृत्यु भएको छ । ७७ जिल्लामध्ये हुम्लाबाहेक ७६ जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ ।

**सबैभन्दा बढी प्रभावित भएका दश जिल्ला**

ईडीसीडीको पछिल्लो तथ्याङ्क अनुसार कास्की सबैभन्दा बढी डेंगु प्रभावित भएको छ । यहाँका ७ हजार ५२३ जनामा सङ्क्रमण देखिएको छ । यस्तै, काठमाडौंका ५ हजार ५३५ जनालाई डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

तनहुँका २ हजार ४९६ जना, पर्वतका १ हजार ८२० जना, ललितपुरका १ हजार ३६६ जना, बाग्लुङका १ हजार ३२३ जनालाई डेंगु सङ्क्रमण भएको ईडीसीडीले जनाएको छ ।

यस्तै, चितवनका १ हजार २१२ जना, भक्तपुरका १ हजार १०४ जनालाई डेंगु सङ्क्रमण भएको ईडीसीडीको तथ्याङ्क छ । गोर्खा र कैलालीका क्रमशः ९४४ जना र ४९५ जनालाई डेंगु पुष्टि भएको तथ्याङ्क छ । रातोपाटीबाट







# हिंसाको न्यूनीकरण र महिलाको सशक्तीकरण




विभेद वा हिंसा आजको युगमा देखापरेको कुनै नयाँ घटना होइन । समयसँगै हिंसाका विभिन्न स्वरूप देखापर्छन् । हिंसाका विभिन्न स्वरूपमध्ये लिङ्गका कारणले नै महिलाहरू हिंसाको अत्यधिक सिकार हुन पुगेका छन् ।

आजको समय र समाजमा महिलाहिंसा एक गम्भीर समस्याका रूपमा छ । यसलाई विश्वबाटै निर्मूल पार्न व्यक्तिगत, संस्थागत र नीतिगत प्रयास हुँदै आएका छन् ।

प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वव्यापी रूपमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान हुने गर्छ । यसै सन्दर्भमा यस वर्ष संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय नारा तय गरेको छ€ स– 'बेइजिङ घोषणाका ३० वर्ष : लैंगिक समानता, महिला तथा किशोरीहरूको अधिकार र सशक्तीकरणका लागि अभियान ।' यसलाई आत्मसात गर्दै नेपालले पनि 'हामी सबैको प्रतिबद्धता : लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता' नारा लिएर राष्ट्रिय अभियान सञ्चालन गरेको छ । संयुक्त राष्ट्रसंघको सदस्य रहेको नेपालमा महिलामाथि हुने विभिन्न खालका हिंसाका विरुद्ध बर्सेनि विभिन्न अभियान र बहस चल्दै आएका छन् ।

हाम्रा धार्मिक ग्रन्थमा गार्गी, गौतमीजस्ता विदुषीको चर्चा भएकाले ऐतिहासिक कालखण्डमा स्त्री शक्तिको उच्चतम मूल्याङ्न रहेको देखिन्छ । बिस्तारै महिलाका लागि विभिन्न बन्देज लगाइन थालियो । सामाजिक, आर्थिक र नीतिगत रूपमा महिलालाई शोषित गर्ने कार्य परापूर्वकालदेखि हुँदै आएको देखिन्छ ।

खासगरी छोरो जन्माएर कुल र वंश विस्तार गर्ने, पारिवारिक स्याहार र सम्भार गर्ने जस्ता पितृसत्ताको पक्षपोषण गर्ने कार्यमा महिलालाई सीमित गरियो । घरायसी कार्यमा मात्र महिलाको भूमिकालाई संकुचन गराउन नीतिगत रूपमै भूमिका खेलेको देखिन्छ । फलस्वरूप आफ्नो भिन्न पहिचान बनाउन साहस गर्ने महिलालाई समाजले सजिलोसँग स्वीकार गर्न सकेन ।

महिलालाई अंशको हक, स्वतन्त्र रूपमा वैवाहिक सम्बन्धको छनोट गर्ने अधिकारबाट वञ्चित गराइयो । महिलाका हक-अधिकारलाई खुम्च्याउन 'मानव न्यायशास्त्र'जस्तो विभेदकारी कानुन वा दृष्टिकोणलाई व्यापक रूपमा संस्थागत गरेको पाइन्छ । सतीप्रथा जस्तो अमानवीय प्रथाको खुलेआम समर्थन गर्दै नीति-नियम बने ।

लिच्छविकालीन शासनकालमा राजा मानदेवबाट प्रचलनमा ल्याइएको मानाङ्क नामक मुद्राको पृष्ठ भागमा भोगिनीको चित्रण गरिएको छ । क्रमशः समाजमा महिलालाई शक्तिरूपी देवी र लक्ष्मीबाट विस्थापित गर्दै दोस्रो दर्जाको प्राणीका हिसाबमा चित्रण गरिएको पाइन्छ । सो संरचनाबाट महिलाले व्यापक संघर्ष गर्दै आज आफ्नो सम्मानित ठाउँको कानुनी दाबी गर्न सफल भएका छन् । हाम्रो संविधानले मौलिक हकमै 'महिलाको हक' राखेको छ । यस्तै, राजनीतिमा महिलाको सहभागिता सुनिश्चित गरेको छ । यद्यपि यतिखेर महिलाप्रति हुने हिंसाको शैलीमा परिवर्तन आएको पाइन्छ ।

प्रहरीको तथ्यांक अनुसार वर्ष ०७९/८० मा मात्र २० हजार ६४४ महिलाले घरेलु हिंसा, जबर्जस्ती करणी, मानव बेचबिखनजस्ता अपराधको भागिदार हुनुपरेको छ । यस तथ्याङ्कले नेपालमा साक्षरता बढेसँगै महिलाहरूप्रति हुने गरेका हिंसामा समेत वृद्धि भएको देखाउँछ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; नेपाल प्रहरीअन्तर्गत रहेको अपराध अनुसन्धान विभाग अन्तर्गतको महिला; बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय; राष्ट्रिय महिला आयोग; राष्ट्रिय मानव अधिकार आयोग; विभिन्न स्वतन्त्र संस्थान आदिले निकाल्ने तथ्याङ्को अभिलेखीकरणको अभाव हुँदा कति महिला हिंसाको सिकार हुन पुगेका छन् भन्ने अवस्था छैन ।

कतिपय महिला आफ्ना नजिकका मानिसबाट हिंसामा परेको देखिन्छ । सबैभन्दा सुरक्षित मानिने घरबाटै महिलाहरू सबैभन्दा असुरक्षित रहेको तथ्याङ्क पनि छन् । यी सबै हिंसाका नङ्गा छिचोल्दै महिलाले नीतिगत तहमा पुग्न धेरै ठुलो संघर्ष गर्नुपर्ने देखिन्छ ।

युएन ओमनले निकालेको महिलाविरुद्ध हुने हिंसाको अन्त्यसम्बन्धी तथ्य र तथ्याङ्कले विश्वमा प्रत्येक तीन महिलामा एकजना आफ्नो जीवनकालको कुनै क्षणमा कुनै न कुनै रूपमा हिंसाको सिकार भएको देखाउँछ । आजका दिनमा महिलाविरुद्ध हुने हिंसा केवल महिलाको मात्र सरोकारको विषय नभई सबैको हुनुपर्ने गम्भीर अवस्थालाई देखाउँछ ।

समृद्ध राष्ट्रदेखि विकासोन्मुख राष्ट्रहरूमा ल्याइएका महिला लक्षित कानुनी प्रावधानले देखाउँछन्, महिलाको हकहितका लागि विश्वमै चासो बढेको छ । यद्यपि अधिकांश देशमा आज पनि अब्बल महिलालाई नेतृत्व तहमा पुऱ्याउन चाहेको पाइँदैन ।

लैङ्गिक समानताको प्रवर्द्धन गर्ने उद्देश्यले व्यवस्थापिकामा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरिए पनि दलहरु यसमा चुकेको छ । महिलालाई आज पनि दोस्रो दर्जाका रूपमा लिएको पाइन्छ ।

महिलाविरुद्धका प्रत्येक हिंसामा हुने राजनीतीकरणले वास्तविक मुद्दा ओझेलमा पर्ने र हिंसाविरुद्ध लड्न खोज्ने महिलालाई नै शंकाको दृष्टिले हेर्ने गरिएको छ । आफ्नो हक र अधिकारका लागि आवाज उठाउन महिला एकजुट हुन आवश्यक छ ।

विभेदरहित समाजको कल्पना गरी कानुन त ल्याइएको छ तर अझै पनि आमाका नामबाट नागरिकता लिन सङ्घर्ष गर्नुपर्छ । महिलाले आफूमाथि हुने हिंसाका विरुद्ध बिनासङ्कोच बोल्ने अवस्था छैन । यस कारण अनेकौं आवाज दबिएका छन्, छायामा परेका छन् । अझै पनि अदृश्य रूपमा महिलाहरु हिंसाको सिकार हुन पुगेका छन् ।

महिलाहरूलाई परापूर्वकालदेखि नारीद्वेषी मनोवृत्ति राखी सुम्पिएको सामाजिक भूमिकाबाट मुक्त गरी समाजमा पुरुषसरह बाँच्न सक्ने बनाउन राज्यसँगै विभिन्न तहबाट भूमिका खेल्न आवश्यक छ । (अधिवक्ता राउत कानुनालय इंक, काठमाडौंकी अध्यक्ष हुन् ।) रातोपाटीबाट

## प्रहरीले मामाश्री मदिरा नियन्त्रणमा लियो

**राजविराज**/नेपालबाट

अवैध रुपमा भारततर्फ लैजादै गरेको ८ कार्टुन मामाश्री मदिरा प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले दिन चेक जाँचको क्रममा सप्तरीको राजगढ गाउपालिका २ कमलपुर सडकखण्डमा मोटरसाईकलमा बोरामा लुकाई छिपाई भारततर्फ लैजादै गरेको अवस्थामा ८ कार्टुन मामाश्री मदिरा बरामद गरिएको प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिएका छन् ।

प्रहरीलाई देख्नासाथ तस्करहरु मोटरसाईकल र मदिरा राखिएको बोरा छाडेर भागेको उनको भनाई छ । बरामद मदिरा र मोटरसाइकल मंगलवार आवश्यक कारवाहीका लागी राजविराज भन्सार कार्यालय चलान गरिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए ।

भारतको बिहार राज्यको विभिन्न सहरमा पुऱ्याइ मँहगोमा बिक्रि हुने गरेकाले मदिरा तस्करीमा केही व्यक्ति सक्रिय रहेको सुराकीका आधारमा सप्तरी प्रहरीले सीमानाका क्षेत्रमा निगरानी बढाएको छ ।

भारतको विहार राज्यमा मदिरा विक्री वितरणमा रोक लगाइएपछि त्यहाँका मदिरा सेवनकर्तालाई लक्षित गरी विभिन्न ब्राण्डका नेपाली मदिरा तस्करी हुने गरेको सुचनाका आधारमा नाका क्षेत्रमा निगरानी बढाइनुका साथै चेकजाँचमा कडाइ गरिएको उनको भनाइ छ ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

# चिसोको मौसममा आगो ताप्ने व्यवस्था पालिकाले आफै मिलाउने निर्णय

**राजविराज**/जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले अत्यधिक चिसोको समयमा सप्तरीका सबै पालिकाले सिरक, कम्बल, लत्ताकपडा र दाउराको व्यवस्था आफै मिलाउने निर्णय गरेको छ ।

बैठकले दाउरा व्यवस्थापनका लागि डिभिजन वन कार्यालयसँग समन्वय गर्ने निर्णय र अतिआवश्यक पर्ने थप सामाग्रिका लागि जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय विपद जोखीम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालयसँग माग गर्ने निर्णय पनि गरेको छ ।

बैठकले स्थानीय तहको विपद् व्यवस्थापन कोष, जिल्ला विपद व्यवस्थापन कोष र नेपाल रेडक्रस सोसाइटी, गैसस महासंघ, उद्योग बाणिज्य संघ मार्फत अति विपन्न, असहाय, वृद्ध, अपाङता र अरुको सहारा लिनुपर्ने व्यक्ति/परिवारलाई स्थानीय तहको छनौट तथा सिफारिस अनुसार गरी कम्बल तथा न्यानो कपडा बितरणको व्यवस्था मिलाउने निर्णय समेत गरेको छ ।

विपद् व्यवस्थापनसँग सम्बन्धित राहत बितरण गर्दा जिल्लामा कार्यरत संघ-संस्थाहरुले जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी स्थानीय तहको सहभागितामा एकद्वार प्रणालीबाट राहत वितरणको व्यवस्थापन गर्ने। स्थानीय तहहरुले विपद्सँग सम्बन्धित स्वास्थ्य प्रयोजनका लागि द्रुत प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टोली गठन गरी जिल्ला विपद् व्यवस्थापन समितिलई उपलब्ध गराउने निर्णय बैठकले गरेको छ ।

यस्तै, बैठकले जिल्लाका स्थानीय तह, गैसस, रेडक्रस लगायत विपद्सँग सम्बन्धित सरोकारबाला निकायहरुबीच जिम्मेबार व्यक्ति/फोकल पर्सन तोकी सूचना प्रवाह र निरोधका उपाय शिघ्र अबलम्बन गर्न ह्वाट्एप ग्रुप निर्माण गरी सकृय सहभागिता जनाउने, शितलहरको प्रभावबाट जोगिन झोलिलो पदार्थ, तातोपानी, पोषिलो खाना, न्यानो कपडा र घरभित्र बस्ने लगायतका संदेशमूलक सूचना आम संचारका माध्यमबाट सबै पालिकाले प्रचार/प्रसार गराउने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ ।

## फरार ४० प्रतिवादी पक्राउ

**राजविराज**/अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद र जरिवाना तोकिएका फरार ४० जना अभियुक्तलाई दुई दिनको अवधीमा प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्ने फरार प्रतिवादीमा पाँच रुँपैयादेखी २० हजार रुँपैयासम्म जरिवाना गरिएका प्रतिवादी छन् ।

प्रहरीका अनुसार कुटपिट मुद्दामा अदालतबाट पाँच रुँपैया जरिवाना गरिएका सप्तरीको साविक देउरी ६ निवासी चन्देश्वरी देवी साहुनी र सोही मुद्दामा २० हजार रुँपैया जरिवाना गरिएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ६ का मनोज कुमार मण्डल पनि पक्राउ परेका छन् ।

यस्तै पक्राउ पर्नेहरुमा कुटपिट लुटपिटका सर्वाधिक १० जना छन । यस्तै कुटपिटका ९, बहुविवाहका ३, किर्ते, चोरी अन्य, सवारी अंगभग र लुटपिटका दुई/दुई जना छन् । यस्तै गाली बेइजत, साल चिरान काठ चोरी, चेक अनादर, नाता कायम, जालसाजी, आत्महत्या दुरुत्साहन, बोक्सीको आरोप, जबरजस्ती करणी, लागु औषध

*बाँकी अन्तिम पृष्ठमा*


# चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ । हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो । तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो । चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो । चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ । चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं ।

**डिभिजन वन कार्यालय**

**राजविराज, सप्तरी**



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**

**शम्भुनाथ नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश


# अन्तर्राष्ट्रिय समाचार

## भारतमा आँधीका कारण विद्यालय बन्द

**भारत**/भारतको दक्षिण क्षेत्रमा आएको शक्तिशाली चक्रवाती आँधीका कारण विद्यालयहरू बन्द गरिनुका साथै सयौं मानिसहरूलाई सुरक्षित आश्रयस्थलहरूमा सारिएको छ ।

चक्रवात फेङ्गलले ७०-८० किलोमिटर प्रति घण्टा को हावाको साथ तमिलनाडु राज्यमा अवतरण गर्ने पूर्वानुमान गरिएको भारतको मौसम ब्यूरोले जनाएको छ ।

पूर्वानुमानले माछा मार्ने मानिसहरूलाई पानीबाट टाढा रहन आग्रह गर्दै बढ्दो छालहरूले तल्लो तटीय क्षेत्रहरूमा बाढीको खतरा निम्त्याउने जनाएको छ ।

तमिलनाडुका धेरै जिल्लाहरूमा विद्यालय तथा कलेजहरू बन्द गरिनुका साथै कम्तिमा ४७१ जनालाई राहत शिविरहरूमा सारिएको इकोनोमिक टाइम्स अखबारले जनाएको छ ।

पछिल्लो समयमा चक्रवातहरू-उत्तरी अटलान्टिकमा आँधीबेहरी वा उत्तरपश्चिमी प्रशान्तमा टाइफुन जस्तै -उत्तरी हिन्द महासागरमा नियमित खतराको रुपमा देखा परेका छन् ।

यस हप्ताको सुरुमा श्रीलङ्काको तटमा फेङ्गलले छ जना बालबालिका सहित कम्तीमा १२ जनाको ज्यान लिएको थियो ।

वैज्ञानिकहरूले जीवाश्म ईन्धनहरू जलन बाट सिर्जित जलवायु परिवर्तनका कारण विश्वको तापमान वृद्धि हुदाँ आँधी बेहरी अझै शक्तिशाली हुँदै गइरहेको चेतावनी दिएका छन् । एजेन्सी

## पाकिस्तानमा भएको साम्प्रदायिक झडपमा थप १३ जनाको मृत्यु

**पाकिस्तान**/उत्तरपश्चिम पाकिस्तानमा भएको साम्प्रदायिक झडपमा थप १३ जनाको मृत्यु भएको स्थानीय अधिकारीले शनिबार बताएका छन् । अधिकारीहरुका अनुसार यो सँगै झडपमा कुल मृत्युको सङ्ख्या १२४ पुगेको छ ।

पाकिस्तान सुन्नी बहुल देश हो, यद्दपी अफगानिस्तानको सीमा नजिकैको खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा ठूलो शिया जनसङ्ख्या छ र समुदायहरू दशकौंदेखि द्वन्द्वमा छन् । गत बिहीबार नयाँ लडाइँ सुरु भयो जब प्रहरी स्कर्टमा अन्तर्गत यात्रा गरिरहेका दुई अलग-अलग सवारीमाथि आक्रमण हुदाँ ४० जना भन्दा बढी मानिसहरुको मृत्यु हुनुका साथै लडाइँ सुरु भएको थियो ।

कुर्रम स्थानीय सरकारका एक अधिकारीले विगत दुई दिनमा झडपका कारण थप १३ जनाको मृत्यु भएको जनाउदै मृतकहरुमा दुई जना सुन्नी र ११ जना शिया समुदायका रहेको उल्लेख गर्नु भएको छ । पछिल्लो समयमा "दुई पक्षबिच विश्वासको गम्भीर अभाव तथा दुवै पक्ष शत्रुता अन्त्य गर्ने सरकारी आदेशको पालना गर्न इच्छुक नरेको उहाँले नाम नछाप्ने सर्तमा बताउनु भएको छ । एजेन्सी

## गुगलद्वारा फिनल्याण्डमा डाटा सेन्टर विस्तार

**हेलसिङ्की**/गुगलले आफ्नो डाटा सेन्टर सञ्चालन गर्न फिनल्याण्डमा दुई करोड ७० लाख यूराको जग्गा खरिद गरेको छ ।

सरकारको प्रेस विज्ञप्ति अनुसार गुगलले सन् २०११ देखि फिनल्याण्डमा डाटा सेन्टरहरू सञ्चालन गर्दै आएको छ ।

फिनल्याण्डमा गुगलले आफ्नो पहिलो डाटा सेन्टर सन् २००९ मा देशको राजधानी हेलसिङ्कीबाट १४५ किलोमिटर पूर्वमा रहेको सहर हमिनामा बनाएको थियो । उक्त डाटा सेन्टरमा हाल करिब ४०० पूर्णकालिक कर्मचारी कार्यरत छन् ।

स्थानीय सञ्चारमाध्यमका रिपोर्टका अनुसार यस बर्षको मे महिनामा अमेरिकी टेक कम्पनीले आफ्नो हमिना क्याम्पस विस्तार गर्न एक अर्ब युरोको नयाँ लगानी घोषणा गरेको छ, जसले आगामी दुई बर्षमा थप रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ । एजेन्सी

## गाजा युद्धविराम वार्ताका लागि हमास प्रतिनिधिमण्डल छलफलमा

**गाजा**/गाजा पट्टीमा युद्धविराम सम्झौतामा इजिप्टका अधिकारीहरूसँग वार्ता गर्न हमासको उच्चस्तरीय प्रतिनिधिमण्डल शनिबार कायरो आइपुग्नेछ ।

उक्त प्रतिनिधिमण्डलले इजिप्टका अधिकारीहरूसँग चलिरहेको द्वन्द्व अन्त्य गर्ने सहमतिबारे छलफल गर्ने छ । इजिप्टको अनुरोधमा वार्ता सुरु गरिएको हमासले जनाएको छ ।

छलफल हमास इजरायली सेना फिर्ता गर्न र बिस्थापित मानिसहरूलाई फर्कन अनुमति दिने सम्झौतामा पुग्न तयार रहेको स्रोतले जनाएको छ । उक्त छलफलमा मानवीय सहायताको प्रवेश पनि समावेश हुनेछ । इजरायलले सन् २०२३ अक्टोबर ७ देखि हमास बिरुद्ध ठूलो मात्रामा आक्रमण गरिरहेको छ । उक्त आक्रमणमा हालसम्म लगभग १२ सय इजरायली मानिसहरू मारिएका छन् ।

गाजा पट्टीमा जारी इजरायली आक्रमणबाट प्यालेस्टाइनीको मृत्यु हुने सङ्ख्या ४४ हजार ३६३ पुगेको छ । एजेन्सी

